# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## भोटेकोशी गाउँपालिका

### सिन्धुपाल्चोक




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## भोटेकोशी गाउँपालिका

## सिन्धुपाल्चोक




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## भोटेकोशी गाउँपालिका

### सिन्धुपाल्चोक

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट मूलतः बजेट अवण्डा राखि खर्च गरेको, खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्युन रहेको, बर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, दरबन्दी अनुसार पदपुर्ती नभएको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको जस्ता व्यहोराहरु देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जस्ता समस्याहरु रहेका छन् ।

उल्लिखित विषयहरुका अलवा स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको समेत देखिएन । त्यसैले

लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. १२५ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
भोटेकोशी गाउँकार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक ।

**कैफियत सहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१ करोड १९ लाख ६१ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु.९२ लाख ४३ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १५ लाख ५६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.८ लाख २० हजार, नियमित गर्नुपर्ने रू. ३ लाख ३३ हजार र पेश्की रू.८ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु २० करोड १४ लाख ७७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु २० करोड ४१ लाख ९५ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. पालिकाको लेखापरीक्षणबाट अवण्डा बजेट राखी खर्च गरेको, वर्षान्तमा बढी खर्च गरेको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुगमन मुल्याङ्कन कार्य प्रभावकारी नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्यामप्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६३ | ६४ | ११९६१ | १ | १४ | ९२४३ | ६२ | ५० | २७१८ | १५५६ | ३३३ | ८२० | ० | ० | ११५४ | ८ |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | २८ | प्रदेश सशर्त अनुदान फिर्ता भएको | २८९४ |
| २ | ४१ | कानुन विपरितको भुक्तानी दाखिला भएको | १२७ |
| ३ | ४२ | बढी भुक्तानी दाखिला भएको | ३ |
| ४ | ४७ | जिन्सी दाखिला पेश भएको | ३७१ |
| ५ | ५१ | पेश्की दाखिला भएको | ५४०० |
| ६ | ६० | कार्यसम्पन्न भन्दा बढी भुक्तानी दाखिला भएको | ३५६ |
| ७ | ६२ | अग्रिम कर कट्टी रकम दाखिला भएको | ४९ |
| ८ | ७० | अग्रिम कर कट्टी गरेको प्रमाण पेश भएको | ४३ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भोटेकोशी गाउँपालिका,सिन्धुपाल्चोक | २०१४७७ | ० | ० | २०१४७७ | ० | २७१८ | २०४१९५ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक , भोटेकोशी गाउँपालिका , सिन्धुपाल्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भद्र बहादुर बस्नेत | २०७७-११-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भवानी प्रसाद मिश्र | २०७७-९-१५ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २,७१७,८५४.१९ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २०,२६,०९,८६१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८,४३,०१,००० | **चालु खर्च** | २१,१८,६०,२८६.०८ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,२३,५६,००० | **पूँजीगत खर्च** | २६,६२,३६,१९६ |
| **राजश्व बाँडफाँट** | १७,५४,४२,६१९.१२ | **वित्तीय/अन्य व्यवस्था** | १६,७०,८२,२३२.५८ |
| **आन्तरिक आय** | १,०५,३४,११४.१५ | | |
| **अन्य आय** | ११,५६,८१,५४९.१९ | | |
| **कुल आय** | ६३,८३,१५,२८२.४६ | **कुल खर्च** | ६४,५१,७८,७१४.६६ |
| **बाँकी मौज्दात** | | १९,५७,४६,४२९ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, २७८.३१ वर्ग किलोमिटर क्षेत्रफल तथा जनसंख्या | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १५५०५ जना रहेको छ। | |
| २ | | | **लेखापरीक्षण सीमा**<br>उल्लिखित आर्थिक कारोबारको लेखापरीक्षण ऐन, २०७५ को दफा ४ तथा स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार नमूना छनोट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौल गरेको जोखिमका आधारित योजना तथा कार्यक्रमको अधिनमा रही कार्यालयबाट पेश गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण लगायतका कागजात तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन प्रतिनिधित्व पत्र समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएकव छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुका सम्बन्धमा कार्यालयका पदाधिकारीहरुसंग छलफल गरि कायम भएका व्यहोराहरु निम्नानुसार छन्। | |
| ३ | | | **ले.प.का क्रममा असुली**<br>लेखापरीक्षणका क्रममा सामाजिक सुरक्षाको फिर्ता दाखिला गर्नुपर्ने रु.११७५१४५ मिति २०७९।६।४ मा राजश्व दाखिला नं ८१९५२२३ मार्फत दाखिला भएको छ। | |
| ४ | | | **एकीकृत वित्तीय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।७९ को एकीकृत वित्तीय प्रतिवेदन निम्न बमोजिम रहेको छः | |

| सि.नं | आयतर्फ | | | सि.न. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | २०२६०९८६१.१ | १ | चालु खर्च | २११८६०२८६.१ | २११८६०२८६.१ |
| | ख) बैंक संचित कोष | १९२२३८८४३.१ | | | क) आन्तरिक श्रोत | ५१८५४८४४ | |
| | ग) बैंक विविध कोष | ३४००००० | | | ख) राजस्व बाँडफाँड सघ | ३९१४४७५१.९७ | |
| | घ) बैंक प्रकोप व्य. कोष | २८१०१३४.९९ | | | ग)प्रदेश सवारी कर | २२४३२८१.३ | |
| | ङ) बैंक धरौटी | ४१६०८८३ | | | वित्तीय हस्तान्तरण संघीय सरकार | | |
| २ | राजस्व (आन्तरिक आय) | | १८५९७६७३३.३ | | क)वित्तीय समानीकरण अनुदान | ६४०२०८७ | |
| | क) आन्तरिक राजस्व | १०५३४११४.१५ | | | ख) सशर्त अनुदान | १०५००७३५६.८ | |
| | ख) राजस्व बाँडफाँड( खानी पर्वतारोहण र विद्धुत रोयल्टी ८९२८१०८९।३४ समेत) | १५५२०२२८३.२ | | | प्रदेश सरकारबाट प्राप्त अनुदान | | |
| | ग)प्रदेश सवारी कर | २०२४०३३५.८९ | | | क)वित्तीय समानीकरण अनुदान | ३८७५५२२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | वित्तीय हस्तान्तरण संघीय सरकार | | २८४३०१००० | | ख) सशर्त अनुदान | ३३३२४४३ | |
| | क)वित्तीय समानीकरण अनुदान | ११३१००००० | | | पूँजीगत खर्च | | २६६२३६१९६ |
| | ख) सशर्त अनुदान चालु | १४६३५१००० | | २ | वित्तीय हस्तान्तरण संघीय सरकार | | |
| | ग) सशर्त अनुदान पुजिगत | २४८५०००० | | | क)वित्तीय समानीकरण अनुदान | ७४३८८८३२ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ५२३५६००० | | ख) सशर्त अनुदान | २४००६६५७ | |
| | क)वित्तीय समानीकरण अनुदान | ९५४४००० | | | प्रदेश सरकारबाट प्राप्त अनुदान | | |
| | ख) सशर्त अनुदान चालु | ४८७३००० | | | क)वित्तीय समानीकरण अनुदान | २५९९६४९ | |
| | ख) सशर्त अनुदान पुजगित | १८५९४००० | | | ख) सशर्त अनुदान | १३६६६९१६ | |
| | ग) समपूरक अनुदान | १५४४५००० | | | ग) समपूरक अनुदान | ७५६८८४४ | |
| | घ) विशेष अनुदान | ३९०००००० | | | घ) विशेष अनुदान | २२९२६०८ | |
| ५ | विभिन्न कोषतर्फको आय | | ८१९४६४.१९ | | क) आन्तरिक श्रोत | १३२१७६२५७ | |
| | विविध कोष | १३३८८.४ | | | ख) राजस्व बाँडफाँड | ३२०२१३० | |
| | संचित कोष | ८०६०७५.७९ | | | ग)प्रदेश सवारी कर | ६३३४३०३ | |
| ६ | प्रकोप व्यवस्थापन कोष | ६४४८७० | ६४४८७० | | संचित कोष शुत्र प्रणालीको जम्मा खर्च | | ४७८०९६४८२.१ |
| ७ | विविध खर्च खाता | ९३७७४७५.०१ | ९३७७४७५.०१ | ३ | अनुदान फिर्ता ०७८।०७९ को निकासा मध्ये | | ५५२४४१७५.१९ |
| ८ | धरौटी आय | ३३४५३८९ | ३३४५३८९ | | क) संघीय सशर्त अनुदान बेरुजु फिर्ता | ४२१८६९८६.१९ | |
| | संचित कोष शुत्र प्रणालीको जम्मा | | ७३९४३०७९२.६ | | ख संघीय समपुरक तथा विषेश अनुदान | ० | |
| | अन्तरसरकारी अनुदान संघ | | | | ग) प्रदेश सशर्त अनुदानु फिर्ता बेरुजखाता | ३५७३६४१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | सामाजिक सुरक्षा | ६६५३९६५० | ६६५३९६५० | | घ प्रदेश विशेष अनुदान् फिर्ता बेरुजु खाता | १६०७३९२ | |
| १० | राजश्व संघ तर्फ आरएमआइएस प्रविष्टि | २७५८२५३६.३ | २७५८२५३६.३ | | ङ) प्रदेश समपूरक अनुदान् फिर्ता बेरुजु खाता | ७८७६१५६ | |
| | अन्तरसरकारी अनुदान बागमती प्रदेश | | | ४ | धरौटी फिर्ता | ९६६२३१ | ९६६२३१ |
| ११ | भौतिक पुर्वाधार विकास ३३७०००११४ | ५०१०७२४ | ५०१०७२४ | ५ | विविध खर्च खाता | ९३७७४७५.०१ | ९३७७४७५.०१ |
| १२ | प्रदेश पुर्वाधार, स्वास्थ्य प्रवर्धन ३५०००११८४ | २३६१४४१ | २३६१४४१ | ६ | अन्तरसरकारी अनुदान संघ | | ६६५३९६५० |
| | | | | | सामाजिक सुरक्षा | ६६५३९६५० | |
| | | | | ७ | राजश्व दाखीला संघ तर्फ | २७५८२५३६.३ | २७५८२५३६.३ |
| | | | | ८ | अन्तरसरकारी अनुदान बागमती प्रदेश | | ७३७२१६५ |
| | | | | | भौतिक पुर्वाधार विकास ३३७०००११४ | ५०१०७२४ | |
| | | | | | प्रदेश पुर्वाधार, स्वास्थ्य प्रवर्धन ३५०००११८४ | २३६१४४१ | |
| | | | | | कुल खर्च | | ६४५१७८७१४.६ |
| | | | | ९ | मौज्दात श्रेस्तानुसार | | १९५७४६४२९.३ |
| | | | | | ख) बैंक मौज्दात स्टेटमेन्ट अनुसार | | १९६४२३५६४.३ |
| | | | | | नसाटिएको चेक रकम | | ५४७९०८ |
| | | | | | नसाटिएको चेक रु चालु खाता विभिन्न | ३५१७५ | संचित कोष दाखिला |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>नसाटिएको चेक रु पुजिगत खाता टोटल कन्सल्टेन्सि....</td><td>४७०९९६</td><td>संचित कोष दाखिला</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>नसाटिएको चेक रु धरौटी कृष्ण</td><td>२९१३२</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>नसाटिएको चेक रु विविध खर्च १५११२ बेरुजु</td><td>१२६०५</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>ख) बैंक मौज्दात स्टेटमेन्ट अनुसार</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>क धरौटी खाता</td><td>६८९५४४८</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>ख) संचित कोष</td><td>१८२६४७११७.९</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>ग प्रकोप व्यवस्थापन को◌ेष</td><td>३४५५००४.९९</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>विविध खर्च खाता</td><td>१२६०५</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>घ विविध कोष</td><td>३४१३३८८.४</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८४०९२५१४३.९</td><td></td><td>जम्मा</td><td></td><td>८४०९२५१४३.९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वित्तीय विवरण<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:<ul><li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन।</li></ul></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. १९२३३८८४३.०९ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. १९३०१३२७८.८८ जिम्मेवारी सारेको देखियो। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ६७४४३५.७९ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>बैङ्क हिसाब मिलान<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष</td><td>(१,९०,६४०)</td><td>०</td><td></td></tr>
<tr><td></td><td>चालु खर्च खाता- विजोर वर्ष</td><td>०</td><td>०</td><td></td></tr>
<tr><td>२</td><td>ग २.७, विविध खर्च खाता</td><td>१०</td><td>१२६०५</td><td></td></tr>
<tr><td>३</td><td>ग ३.१, स्थानीय तह धरौटी खाता</td><td>६५,७६,५४१</td><td>६८९५४४८</td><td></td></tr>
<tr><td>४</td><td>ग ४.१, स्थानीय तह सञ्चित कोष खाता</td><td>१८,२६,४७,१३२.८</td><td>१८२६४७१३२</td><td></td></tr>
<tr><td>५</td><td>ग ५.१, स्थानीय तह विविध कोष खाता</td><td>३४,१३,३८८.४०</td><td>३४,१३,३८८.४०</td><td></td></tr>
<tr><td>६</td><td>ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>३४,५०,१३४.९९</td><td>३४५५००४.९९</td><td></td></tr>
<tr><td>११</td><td>बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता]</td><td>-</td><td>-</td><td></td></tr>
<tr><td>१२</td><td>बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता]</td><td>(१,५०,१३८)</td><td>-</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>१९,५७,४६,४२९.२७</td><td>१९६४२३५७८.३९</td><td>६७७१४९.१२</td></tr>
</table></td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>बजेट पेस, पारित र अख्तियारी<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री दाबुटी शेर्पा मिति २०७८।३।१५ गते रु.५१ करोड ४१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१५ मा पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>योजना छनौट<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १० | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन्<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १० ऐन, ५ नियमावली, २७ कार्यविधि १ निर्देशिका र ४ नर्म्स समेत ४७ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><ul>
<li>वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।</li>
<li>जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।</li>
<li>ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।</li>
<li>स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।</li>
<li>पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।</li>
<li>सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन</li>
<li>वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</li>
</ul></td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>खाना तथा विविध खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ कुल रु.१०,५७,५४६ खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>क्षेत्रगत बजेट<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><td>मुख्य क्षेत्र</td><td>वार्षिक वजेट</td><td>खर्च रकम</td><td>कुल खर्च मध्ये प्रतिशत</td></tr>
<tr><td>आर्थिक विकास</td><td>२११०००००</td><td>१३२१५४१५</td><td>२.७६</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२२४८००५००</td><td>१६७०१५७१९.८१</td><td>३४.९३</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>२८६६३३५००</td><td>२२६८५८८६६</td><td>४७.४५</td></tr>
<tr><td>वातावरण तथा विपद् व्यवस्थापन</td><td>९२०००००</td><td>४८४६७९२</td><td>१.०१</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>२०६५३०००</td><td>१२५४४७४९</td><td>२.६२</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>८२७८४२७८.८८</td><td>५८४६१७३२.२७</td><td>१२.२३</td></tr>
<tr><td>जम्मा</td><td>६३५९७१२७८.८८</td><td>४७८०९६४८२.०८</td><td></td></tr>
</table>
उपर्युक्त विवरण अनुसार गाउँसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी पूर्वाधार विकास क्षेत्रमा ४७।४५ प्रतिशत, , सामाजिक क्षेत्रमा ३४।९३ प्रतिशत, कार्य सञ्चालन तथा प्रशासनिक खर्च तर्फ १२।२२ प्रतिशत, आर्थिक विकासमा २।७६ , सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ २।६२ प्रतिशत र वातावरण तथा विपद व्यवस्थापन तर्फ १.०१ प्रतिशत मात्र रहेको देखियो ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **जिन्सी व्यवस्थापन**<br>पालिकाले आर्थिक कार्यविधि ऐन तथा नियमावली छुट्टै तयार गरी लागू गरेको छैन ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५, ९६ र ९९ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण, सम्पत्ति तथा मालसामानको लगत तयार गर्ने, सम्पत्ति तथा जिन्सीको मूल्य कायम गर्ने र जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा निरीक्षण प्रतिवेदनमा उल्लेख भएका, टुटफूट भएका सामानको मर्मत गर्नुपर्ने समायोजन भएका साविकका गाउँ विकास समितिहरुले खरिद गरेका सामानहरुको यथार्थ अभिलेख राख्ने लगायतका सुझाव कार्यान्वयन गरी जिन्सी व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| १४ | | | **जिन्सी व्यवस्थापन**<br>पालिकाले आर्थिक कार्यविधि ऐन तथा नियमावली छुट्टै तयार गरी लागू गरेको छैन ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५, ९६ र ९९ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण, सम्पत्ति तथा मालसामानको लगत तयार गर्ने, सम्पत्ति तथा जिन्सीको मूल्य कायम गर्ने र जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा निरीक्षण प्रतिवेदनमा उल्लेख भएका, टुटफूट भएका सामानको मर्मत गर्नुपर्ने समायोजन भएका साविकका गाउँ विकास समितिहरुले खरिद गरेका सामानहरुको यथार्थ अभिलेख राख्ने लगायतका सुझाव कार्यान्वयन गरी जिन्सी व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| १५ | | | **गुणस्तर नियन्त्रण र परीक्षण**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९(२) नियम ९७(३ख) तथा नियम ११७(४) मा भएको व्यवस्था अनुसार गुणस्तर परीक्षणको लागि लागत अनुमान मा रकम व्यवस्था गर्नुपर्ने , सुपरिवेक्षण र गुणस्तर नियन्त्रण गर्नुपर्ने एंव निर्माण गरिएको संरचनाको उपयुक्तताको परिक्षण गरी प्रमाणित नभए सम्म त्यस्तो कुनै पनि कार्य स्वीकार गर्न नहुने व्यवस्था छ । पालिकाबाट संचालित कुनै पनि योजनाको गुणस्तर आश्वस्तता योजना पेश नभएको एंव कुनै पनि योजनामा गुणस्तर परीक्षण गरेको प्रमाणहरु संलग्न नरहेकोले निर्माण भएका संरचनाहरु गुणस्तरीय छन् भन्न सक्ने अवस्था देखिएन ।पालिकाले गुणस्तरिय कार्य गराउन विशेष ध्यान दिनुपर्ने देखियो । | |
| १६ | | | **त्रुटी सच्चाउने अवधि**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार त्रुटी सच्चाउने अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा पालिकाले त्रुटि सच्चाउने अवधि बाँकी रहेका योजनाको अभिलेख तयार नगरेको एंव कार्य सम्पन्न भएकै आधारमा कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने गरेको देखिन्छ । अत : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ बमोजिम कार्यस्वीकार प्रतिवेदन तयार गरी त्रुटि संचाउने अवधि बाँकी रहेका योजनाको अभिलेख राखी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ। | |
| १७ | | | **निर्माण कार्यको लागत अनुमान**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९(२) सार्वजनिक निर्माणको लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण र विमा खर्चको लागि रकम व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ। गुणस्तर परीक्षणको लागि कुनै पनि योजनामा रकमको छुट्टै प्रवन्ध गरेको पाइएन । | |
| १८ | | | **विद्यालयगत निकासा अभिलेख खाता**<br>पालिकाले प्रत्येक विद्यालयलाई प्रदान गरिने निकासा गरिने रकमको विद्यालयगत निकासा अभिलेख खाता तयार गरी भुक्तानी दिनुपर्नेमा सो गरेको पाइएन । | |
| १९ | | | **शुल्क निर्धारण अनुमगन**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार स्थानीय निकायले आफु क्षेत्र भित्रका निजि क्षेत्रका विद्यालयको शुल्क निर्धारण सम्वन्धि अनुगमन गरी नियन्त्रण गर्नुपर्नेमा सो गरेको पाईएन ।सो कार्यमा सुधार गर्नुपर्दछ । | |
| २० | | | **शैक्षिक गुणस्तर प्रतिवेदन**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार स्थानीय निकायले आफु मातहतका विद्यालयको शैक्षिक गुणस्तर सम्वन्धि अवस्थाको अध्ययन गरी सो प्रतिवेदन तयार गरी शैक्षिक गुणस्तरमा सुधार गर्नुपर्नेमा सो गरेको पाईएन । आगामि दिनमा सो कार्यमा सुधार गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको निय मितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>न्यायिक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष २१ विवाद दर्ता भएकोमा १६ वटा मात्र फछ्र्यौट भई ५ वटा बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>खर्च विश्लेषण<br>कोलेनिकाद्धारा प्रमाणित आर्थिक विवरण अनुसार पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु१०५३४११४.१५ राजस्व बाँडफाँडबाट रु १५५२०२२८३.२३ र अनुदानबाट संघीय तर्फ रु २०२४०३३५.८९ र प्रदेशतर्फ रु.५२३५६००० समेत रु२३८३३२७३३.२७ आम्दानी भएकोमा चालुखर्चतर्फ रु २११८६०२८६.०८ र पूँजिगत तर्फ रु२६६२३६१९६, गरी कुल रु ४७८०९६४८२ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा २.२ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु ६७७८७२४ खर्च भएको छ जुन आन्तरिक आयको- ६४.३५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४४.३ प्रतिशत चालु र ५५.७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>विपद् व्यवस्थापन कोष<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चाालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ। पालिकाले गत वर्षको मौज्दात रु.२८१०१३५ समेत यस वर्ष रु. ६४४८७० आम्दानी भई जम्मा आम्दानी रु.३४५५००५ रहेकोमा खर्च नभइ बाँकी रु.३४५५००५ देखिन्छ। पालिकाले नियममा तोकिएबमोजिम खर्च लेखेको छैन। ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>कार्यक्रम परिवर्तन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ। साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सिमा र शिर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ। पालिकाले गाउँसभाको विभिन्न मितिको निर्णयबाट १४ वटा कार्यक्रम संसोधन स्वीकृत गरी रु.१,२१,००,००० खर्च गरेको देखियो। बजेट तर्जुमा प्रक्रिया प्रभावकारी बनाईनुपर्दछ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>त्रैमासिक पुंजीगत खर्च<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३५ मा स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।<br><table>
<tr><td rowspan="2">पूँजीगत खर्च शीर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="3">त्रैमासिक खर्च (रु.हजारमा)</td><td></td><td rowspan="2">आषाढ महिनाको मात्र खर्च</td></tr>
<tr><td>प्रथम त्रैमासिक</td><td>दोस्रो त्रैमासिक</td><td>तेस्रो त्रैमासिक</td><td>चौथो त्रैमासिक</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गापा पूजीगत</td><td>२१८७०१</td><td>१,२७,४०</td><td>२,६५,३४</td><td>८,९०,८५</td><td>९,०३,४०</td><td>४३७३५</td></tr>
<tr><td>प्रदेश समपुरक पूजीगत</td><td>७५६८</td><td>०</td><td>०</td><td>०</td><td>७५,६८</td><td>५४३४</td></tr>
<tr><td>संघीय सशर्त पूजीगत</td><td>२४००६</td><td>०</td><td>१२,४४</td><td>५०,०१</td><td>१,७७,६१</td><td>१६३५१</td></tr>
<tr><td>प्रदेश पूजीगत</td><td>१५९५९</td><td>०</td><td>३८,६८</td><td>६१,१६</td><td>५९,७४</td><td>४७२४</td></tr>
<tr><td>कुल खर्च</td><td>२६६२३६</td><td>१,२७,४०</td><td>३,१६,४७</td><td>१०,०२,०३</td><td>१२,१६,४४</td><td>७०२४५</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td>१००</td><td>४.७८</td><td>११.८८</td><td>३७.६४</td><td>४५.६९</td><td>२६.३८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>सहायता<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले उपचार तथा प्रकोप पीडित सहयोग प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई औषधी उपचार तथा अन्य सामाजिक सहायताबापत रु. ५९८४९१ आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>अनुदान फिर्ता<br>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.२८९४००० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>विपद व्यवस्थापन समिति गठन<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>कार्य योजना<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चामलन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>भुक्तानी दिन बाँकी<br>आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमाबली २०७७को नियम ३९ को १३मा भुक्तानी दिन बाँकीको बिबरण तयार गरी प्रमाणित गराई भुक्तानी दिने ब्यबस्था रहेको छ। कार्यालयले सुत्र सिस्टम नचलेको कारण आ.ब ०७८।७९को भुक्तानी दिन बाँकि बिभिन्न ब्यक्ति,ब्यबसायी र अन्यको समेत गरेर जम्मा रु५४,१८,८२८।भुक्तानी बाँकी बिबरण तयार गरेको छ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>योजना र कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम रु. हजारमा</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>५०</td><td>५०००</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>३०३</td><td>१००५८०</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>६४</td><td>५२७००</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>२४</td><td>४१३००</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>२</td><td>१००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४३१</td><td>१८९३३०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>तलबी प्रतिवेदन पारित<br>निजामती सेवा ऐन, २०४९ को दफा ७(ख) मा कार्यालयले तलबी प्रतिवेदन पास नगराई खर्च लेख्न नमिल्ने कुरा उल्लेख छ। विगतका वर्षहरुमा कानूनी अस्पष्टताको कारण तलबी प्रतिवेदन पारीत नगराई खर्च लेखेकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।०५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गराउनु पर्ने स्पष्ट निर्देशन प्राप्त भएकोमा सो निर्देशनको पालना भएको पाईएन। मन्त्रालयको निर्देशन बमोजिम तलबी प्रतिवेदन पारीत गरेर मात्र खर्च लेख्ने गर्नुपर्दछ। ०७८।७९मा को ४ जना कर्मचारीको मात्र तलबी प्रतिवेदन पारित गरेको हुँदा सबैको तलबी प्रतिबेदन पारीत गरेर मात्र तलब खर्च लेख्नु पर्दछ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>कर्मचारी करार<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न दरबन्दी भित्रका कर्मचारी समेत विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु. १४४११२९३ खर्च लेखेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून बनाई यो वर्ष रु.२१०२५८९ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। | |
| ३६ | | | **समन्वय**<br>पालिकाले आफ्नो वार्षिक कार्यक्रम संघीय सरकार र प्रदेश वा निकायलाई र संघीय सरकार र प्रदेश सरकारका निकायबाट पालिका भित्र गरिने कार्यको जानकारी पालिकालाई जानकारी गराई समन्वयात्मक किसिमले कार्य गर्ने संयन्त्रको विकास गर्नुपर्दछ। | |
| ३७ | | | **वार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३८ | | | **धरौटी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६४ मा प्रत्येक कार्यलय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा रकमको कारोवारको लेखा अनुसुची १० वमोजीमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसुची ११ वमोजीम ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावद्यिक गरी राख्नुपर्ने एवं धरौटी रकमको छुट्टै बैक नगदी किताव समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नुपर्ने उल्लेख छ । कार्यालयले धरौटी कारोवारको व्यक्तिगत धरौटी खाता र बैक नगदी कितावको अभिलेख राखेको पाइएन । धरौटी तर्फ गतवर्षको अल्या रु.४१६०८८३ र यस वर्ष थप रु ३३४५३८९ प्राप्त भएकोमा यो वर्ष रु.९६६२३१ धरौटी फिर्ता भइ रु ६८९५४४८ बाकी रहेको देखिन्छ ।श्रेष्ताअनुसार रु.६५७६५४१ बाकी हुनुपर्नेमा बैंक अनुसार रु.६८९५४४८ बाँकी देखिन्छ । | |
| ३९ | | | **सवारीसाधन जरिवाना तिरेको**<br>सुशासन, (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा २४ मा आफूले सम्पादन गर्ने काम निर्धारित समयमानै सम्पादन गर्न आफैले पहल गर्ने उत्तरदायित्व जिम्मेवार पदाधिकारीको हुने व्यवस्था छ।कार्यालयले बिमा तथा नविकरणको भुक्तानि गर्दा निम्नानुसार जरिवाना समेत भुक्तानी गरेको देखियो । कार्यालयले सबै काम निर्धारित समयमा सम्पन्न गरेको भनि प्रोत्साहन भत्ताबापत रु.२१०२५८९ खर्च लेखेकोमा नियमित रुपमा बुझाउनुपर्ने सवारी साधनमा जरिवाना तिर्नु उपयुक्त नदेखिएको । पालिकाले समयमै महशुल भुक्तानी गर्नुपर्ने देखिन्छ। | |

| सवारी साधन नं. | जम्मा शुल्क | जरिवाना |
|---|---|---|
| बा २ ब ६१६८ | ८८०० | १३०० |
| बा २ झ ३५५१ | १८००० | २९०० |
| प्रदेश ३ ०२००१ ब १०४० | ६५०० | १००० |
| प्रदेश ३ ०२००१ ब १०४२ | ६५०० | १००० |
| प्रदेश ३ ०२००१ ब १०४१ | ६५०० | १००० |
| प्रदेश ३ ०२००१ ब १०४५ | ६५०० | १००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बा २ ब ६७८२</td><td>६५००</td><td>१०००</td></tr>
<tr><td>बा २ ब ७५४२</td><td>८३०००</td><td>१३००</td></tr>
<tr><td>बा २ ब ४८२८</td><td>७०००</td><td>१०००</td></tr>
<tr><td>बा २ ब ९३७४</td><td>४६००</td><td>६००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ता<br>स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानिय सेवा गठन संचालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिध्दान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानिय सेवाको गठन संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानिय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।त्यस्तै अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिकाको परिच्छेद ७ को ७।४।१ बमोजिम अतिरिक्त समय बिदाको दिन काम गर्दा अर्थमन्त्रालयबाट नर्मस स्वीकृत गराई मात्र खाजा र खानाको रकम भूक्तानि दिनुपर्ने ७।४।१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थमन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। यस पालिकाले २०७९।३।२५बसेको पालीकाको निर्णयमा गाउँ कार्यपालिकाको कार्यालयद्वारा तोकीएको कार्यसम्पादन सूचक पूरा गर्ने कार्यपालिकाको कार्यालयहरुमा कार्यरत निजामती र स्थानीय तहका कर्मचारीलाई सुरु तलब स्केलको ३० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय बमोजिम साउन देखि असारसम्म १२ महिनाको रु २१०२५८९। रकम प्रोत्साहन भत्तामा खर्च लेखेको छ।कार्यविधि तयार गरि सोही बमोजिम भत्ता उपलब्ध गराउनु पर्दछ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>कानुन विपरितको भुक्तानी<br>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२। २० को निर्णयबाट रु.१२६९७५ ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४२</td><td>४६</td><td>२०७८-६-२०</td><td>बढी भुक्तानी<br>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।२० को निर्णयबाट रु.३६०० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>विद्युत जरीवाना तिरेको<br>सुशासन, (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा २४ मा आफूले सम्पादन गर्ने काम निर्धारित समयमानै सम्पादन गर्न आफैले पहल गर्ने उत्तरदायित्व जिम्मेवार पदाधिकारीको हुने व्यवस्था छ। तर पालिकाले समयमै विद्युत महसुल नतिरी जरीवाना स्वरुप थप दस्तुर वापत निम्न गो भौ बाट भुक्तानी गरेकोले समयमै महशुल भुक्तानी गर्नुपर्ने देखिन्छ।<br>। कार्यालयले सबै काम निर्धारित समयमा सम्पन्न गरेको भनि प्रोत्साहन भत्ताबापत रु.२१०२५८९ खर्च लेखेकोमा नियमित रुपमा बुझाउनुपर्ने विद्युत महसुलमा जरिवाना तिर्नु उपयुक्त नदेखिएको । पालिकाले समयमै महशुल भुक्तानी गर्नुपर्ने देखिन्छ।
<table>
<tr><td>गो.भौनं</td><td>खर्च शिर्षक</td><td>महशुल</td><td>जरिवाना रकम</td></tr>
<tr><td>१७</td><td>नेपाल विद्युत प्राधिकरण</td><td>३३७१५</td><td>८२३३।</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०</td><td>नेपाल विद्युत प्राधिकरण</td><td>३१८२८</td><td>७०१६।</td></tr>
<tr><td>६१</td><td>नेपाल विद्युत प्राधिकरण</td><td>८१२६२</td><td>२०३१५।</td></tr>
<tr><td>१९७</td><td>नेपाल विद्युत प्राधिकरण</td><td>८६०८</td><td>१८७३।</td></tr>
<tr><td>५४०</td><td>नेपाल विद्युत प्राधिकरण</td><td>३१५३७</td><td>३९२९।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४१,३६६।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>दररेट भन्दा बढी भुक्तानी<br>सिन्धुपाल्चोक जिल्लाको आ.व. २०७८।७९ दररेट पुस्तिकामा ओखर दाते (२ फिट सम्म अग्लो) को जिल्ला दररेट प्रतिकेजी रु.१३० र कृषि डायरी २०७८ अनुसार स्याउ M-९ कलमी को दररेट प्रति बेर्ना रु.१०० रहेको देखियो । कार्यालयले निम्नानुसारका गो.भौ. ८५।०७९।१।१२ मार्फत फलफुल दशक विरुवा रोपण कार्यक्रम- भ्याउली कुण्ड कृषक समुह लाई अनुदान दिएकोमा कृषकहरुले ओखर दाते (२ फिट सम्म अग्लो) खरिद गर्दा प्रति बेर्ना रु.१७० का दरले ८०० बेर्ना खरिद गरेकोमा रु.३२००० र स्याउ M-९ कलमी खरिद गर्दा प्रति बेर्ना रु१९० का दरले खरिद गरेकोमा रु.९०००० गरी कुल रु.१२२००० बढी व्ययभार परेको देखियो । कार्यालयले जिल्ला दररेट भन्दा बढी दरमा खरिद गरेको नियमसम्मत नदेखिएको रु.</td><td>१२२,०००</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>औषधिको लोगो<br>पालिकाले खरिद गरेका औषधिहरूमा “नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी” भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ ।पालिकाले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधिहरू मध्ये नमूना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिमका औषधिहरूमा निम्नानुसार रहेको पाइयो ।
<table>
<tr><td>सि.न.</td><td>औषधिको नाम</td><td>म्याद समाप्त हुने मिति</td><td>निशुल्क वितरणको लोगो</td></tr>
<tr><td>१</td><td>Cloxacilin capsule ५००</td><td>Jan. २०२४</td><td>Ins. supply</td></tr>
<tr><td>२</td><td>Ovorest १५० mg</td><td>Jul. २०२४</td><td>नेपाल सरकारबाट निशुल्क वितरण</td></tr>
<tr><td>३</td><td>Wormstat</td><td>Aug. २०२४</td><td>Free supply</td></tr>
<tr><td>४</td><td>Ranitidine Table R- १५०</td><td>May-२४</td><td>Rs. ३९.२३ per ३० tablet</td></tr>
<tr><td>५</td><td>Ibuproflen Flexon</td><td>Sep. २०२४</td><td>Rs. १८.३७</td></tr>
<tr><td>६</td><td>Paracetamol</td><td>Feb-२३</td><td>निशुल्क वितरण</td></tr>
<tr><td>७</td><td>Folus</td><td>May-२३</td><td>Free distribution only</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>जिन्सी दाखिला पेश गर्नुपर्ने</td><td>०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९। १२।२० को निर्णयबाट रु. ३७०६४०।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>प्रधानमन्त्री स्वरोजगार कार्यक्रम<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक स्तरोन्नति तथा सिढि निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३६ जनालाई औसतमा ९५ दिनका दरले ३४५४ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्यालामा रु. २०४४७६८ र प्रशासनिक तथा कार्यक्रम खर्चमा रु.१०६९००० गरी कुल रु.३११३७६८ खर्च गरेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।
<table>
<tr><td>योजनाको नाम</td><td>जम्मा दिन</td><td>दर</td><td>वजेट</td><td>खर्च</td><td>वित्तीय प्रगति</td></tr>
<tr><td>लाङ खोला सामुदायिक भवन वाल निर्माण</td><td>५७१</td><td>५९२</td><td>३३८०३२</td><td>३३८०३२</td><td>१००.</td></tr>
<tr><td>लामखोला सडक सोलिङ तथा गोरेटो बाटो निर्माण</td><td>१२००</td><td>५९२</td><td>७१०७७२</td><td>७१०४००</td><td>९९.९५</td></tr>
<tr><td>दुमिथाङ दुगुनागढी मोटर बाटो स्तार्रोनती</td><td>१६८३</td><td>५९२</td><td>१००६५०१</td><td>९९६३३६</td><td>९८.९९</td></tr>
<tr><td>जम्मा</td><td>३४५४</td><td>५९२</td><td>२०५५३०५</td><td>२०४४७६८</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>औषधि खरिद<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर यस स्थानीय तहले उक्त प्रक्रियावेगर अधिकाशं औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्<br><br>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>परामर्श सेवा<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |

| गो.भौ.नं।मिति | कार्यक्रम | परामर्शकर्ता | रकम |
|---|---|---|---|
| १४।०७९।३।२४ | बालमैत्री स्थानीय तह घोषणा प्रोत्साहन | दिगो मिडिया एडं रिसर्च प्रा.लि. | १४५५२० |
| ८।०७९।२।२० | अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पून:स्थापना | बलेफी एकिकृत अपाङ्गता समाज | २९६९०० |
| ४२५।०७९।३।९ | गाउँपालिकाको डिजिटल प्रोफाइल नि. | स्मार्ट टेक नेपाल प्रा.लि. | १८,३१,६०३ |
| | | जम्मा | २२७४०२३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **पेस्की बाँकी**<br>पालिकाले पेश गरेको वित्तिय प्रतिवेदन मलेप फा नं. २७२ को अनुसुचि २३ र सो को अभिलेख अनुसार पालिकाको कुल हालसम्मको पेश्की बाँकी रु. ५४३५०८० देखिएको छ । उक्त बाँकी पेश्की मध्ये म्याद ननाघेको पेश्की रु २७१८० र म्याद नाघेको पेश्की रु.५४०७९०० देखिन्छ । उक्त पेस्की असुल फस्यौंट हुनुपर्ने रु. | ७,९०० |

| पेश्कीको विवरण | पेश्की मिति | पेश्की लिनेको नाम | पेश्की रकम | पेश्की फर्छयौट गर्नुपर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|
| व्यक्तिगत | २०७९/०३/३२ | नवराज साख | ७,१८० | ०४/०५/२०७९ | म्याद ननाघेको |
| संस्थागत | २०/०३/२०७९ | झिर्पु मा.वि. | २०,००० | २३/०४/२०७९ | म्याद ननाघेको |
| | | जम्मा | २७१८० | | |
| व्यक्तिगत | १४/०८/२०७८ | नवराज साख | ७५०० | २०/०९/२०७८ | म्याद नाघेको |
| व्यक्तिगत | २६/११/२०७८ | यासमिन खातुन | ४०० | ०१/०१/२०७९ | म्याद नाघेको |
| | | जम्मा | ७९०० | | |
| | | कुल जम्मा | ३५०८० | | |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२।२० को निर्णयबाट रु. ५४०००००।- सम्परीक्षण गरिएको । )***

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२</td><td></td><td></td><td>कन्टेन्जेन्सी खर्च<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम अनुसार कुनै पनि योजनामा छुट्टाएको कन्टिन्जेन्सी रकम सम्वन्धित योजनासँग सम्बन्धित कार्यमा मात्र प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष कन्टिन्जेन्सी बापत के, कति खर्च भयो, कुन-कुन शिर्षकमा खर्च भयो सोको विवरण पेश नगरेकाले कन्टेन्जेन्सी रकम सम्बन्धित योजना बाहेक अन्य कार्यमा समेत प्रयोग गरेको, नगरेको सम्बन्धमा विश्लेषण गर्न सकिएन। यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>डीपीआर खर्च<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्नकार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ। त्यसैले पालिकाबाट विगत आर्थिक बर्ष देखि तयार गरेका डी पि आर समेत खोजविन गरि कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ।
<table>
<tr><th>भौचर नं</th><th>परामर्शदाता</th><th>कार्य विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>४८१-७९/३।२४</td><td>टोटल कन्सल्टेन्सी सर्भिस</td><td>डि पि आर रिपोर्ट</td><td>४,९४,६४१।</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन।डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयन गरी खर्चको सार्थकता देखाउनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>पेश्कीको अभिलेख<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४७(३) मा कार्यालय प्रमुखले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन र अन्य व्यक्ति हकमा सो व्यक्तिको ३ पुस्ते स्थायी र अस्थायी ठेगाना प्रष्ट लेखी पेश्की दिनुपर्ने व्यवस्था छ।पालिकाले गत बिगत दिएको पेश्कीबाट यो बर्ष रहेको फछ्र्यौट घटाई बाँकी देखिने स्पष्ट पेश्की खाता राखेको छैन।पालिकाले एउटा पेश्की फछ्र्यौट नहुँदै पुनः पेश्की दिने गरेको, पेश्कीको अभिलेख नराख्ने गरेको पाइयो। पेश्की खाताको अभावमा पेश्की अनुगमनमा समस्या देखिएको छ। विगत देखि लिएको पेश्कीको लगत अद्यावधिक गरी पुराना पेश्कीहरु फछ्यौट गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>बिल भरपाई<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (११) र ९७ (६) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्नी भएपछि सम्बन्धित प्राविधिकबाट जाँचपास गराउने र हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, बिलभरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका योजनाहरुमा कार्यसम्पन्न प्रतिवेदन मूल्याङ्कन गरेको रकम भन्दा उपभोक्ता समितिले निर्माण सामाग्री कम खरिद गरेको बिलभरपाइ पेश गरेको देखियो। जसले गर्दा तोकिएको गुणस्तरमा कार्य भएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था देखिएन। कार्यसम्पन्नर प्रतिवदेन मूल्याङ्कन भन्दा कम बिल पेश भइ बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं।मिति</th><th>योजना/उ.स.</th><th>कार्यसम्पन्न</th><th>विवरण</th><th>कामको परिमाण</th><th>सामाग्री</th><th>कार्यसम्पन्नअनुसार</th><th>खरिद बिलभरपाई</th><th>दर रु.</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>३७७।०७९।२।१८</td><td>देउढुंगा आ.वि. आगन निर्माण तथा मर्मत उ.स.</td><td>४३५४८६</td><td>स्टोन मेसिनरी १:६</td><td>३०.३७ घ.मि.</td><td>सिमेन्ट</td><td>६४ ब्याग</td><td>५० ब्याग</td><td>१०४०.७</td><td>१४५७०</td></tr>
<tr><td>३९९।०७९।२।२७</td><td>यार्मासिङ ककलिङ निर्माण</td><td>४४१२०६</td><td>आर.सी.सी. रड</td><td>१०१४ केजी</td><td>रड</td><td>१०१४</td><td>८३०</td><td>१२५.५९</td><td>२३१०८</td></tr>
</table></td><td>१६८,६२९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४३९।०७९।३।१७</td><td>युजे छयान्बो छयातुङ चेन्ताङ गुमबा किचेन हल नि.</td><td>१०८३०८५</td><td>आर.सी.सी. रड</td><td>२२७१.८७ केजी</td><td>रड</td><td>२२७१.८७ केजी</td><td>२१२०</td><td>१२५.५९</td><td>१८९६४</td></tr>
<tr><td>४१७।०७९।३।७</td><td>सामुदायिक स्वास्थ्य इकाइ भवन नि.उ.स.</td><td>१६२२१९३</td><td>आर.सी.सी. रड</td><td>३५३६ केजी</td><td>रड</td><td>३५३६ केजी</td><td>२७६८</td><td>१२५.५९</td><td>९६४५३</td></tr>
<tr><td>२७।०७९।३।५</td><td>लिस्तीकोट स्वास्थ्य चौकी प्रसुती प्रतिक्षालय भवन नि.उ.स.</td><td>३२४६८९६</td><td>आर.सी.सी. रड</td><td>६५७५ केजी</td><td>रड</td><td>६४५१ केजी</td><td>१२४</td><td>१२५.५९</td><td>१५५३४</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१६८६२९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>
बढी भुक्तानी<br>
सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्मसको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले सडक तर्फको संरचना तयार गर्दा नेपाल सरकारबाट मिति २०७५।४।२५ मा स्वीकृत दर विश्लेषण नर्मस प्रयोग नगरी फरक नर्मसको प्रयोग गरेको देखियो। नमुना छनोटका आधारमा लेखापरीक्षण गरिएकोमा देहायका योजनाहरुमा उपभोक्ता समितिसंग लागत अनुमानमै फरक नर्मस प्रयोग गरि सम्झौता भइ सोही दरमा भुक्तानी भएकोले निम्नानुसारको रकम बढी भुक्तानी भएको देखियो। स्वीकृत नर्मस तथा दर विश्लेषण भन्दा बढी दरमा भुक्तानी भएकोले पालिकालाई देहायबमोजिम व्ययभार परेको रु. ८६६३४
<table>
<tr><th>गो.भौ.नं।मिति</th><th>योजना/उ.स.</th><th>काम</th><th>पालिकामा स्वीकृत नम्स अनुसार</th><th>प्रयोग भएको दर रु.</th><th>बढी दर रु.</th><th>कामको परिमाण</th><th>बढी भुक्तानी</th></tr>
<tr><td rowspan="2">४१९।०७९।३।८</td><td rowspan="2">बाहुनबारी नाला निर्माण उ.स.</td><td>स्टोन मेसिनरी वर्क १:६</td><td>१०८८०</td><td>११०८९।२</td><td>२०९.२</td><td>२४.२९ घ.मि.</td><td>५०८१</td></tr>
<tr><td>पी.सी.सी. १:२:४</td><td>१२९५२.३४</td><td>१५८०८</td><td>२८५५.६६</td><td>८.२१ घ.मि.</td><td>२३४४५</td></tr>
<tr><td>४५८।०७९।३।२१</td><td>सेमुङ नया बस्ती दुवै ठाँउ खानेपानी नि.</td><td>कडा माटो खन्ने कार्य</td><td>४४४</td><td>५७२</td><td>१२८</td><td>४५३.९७ घ.मि.अ</td><td>५८१०८</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>८६६३४</td></tr>
</table>
</td><td>८६,६३४</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>
पि.पि.सि. सिमेन्टको प्रयोग<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। साथै उपभोक्ता समितिसँग भएको सम्झौतामा समेत कार्यालयले तोके भन्दा फरक गुणस्तरमा कार्य गरेमा कार्यालयबाट भुक्तानी नहुने उल्लेख छ। कार्यालयले देहायका देहायका योजनामा ओ.पि.सि.सिमेन्टको प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले पि.पि.सि. सिमेन्ट खरिद गरी प्रयोग गरेको मू..अ.कर बिजक समावेश गरेकामा समेत कार्यालयले लागत अनुमानकै दरमा भुक्तानी गरेको छ। जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दर प्रति बोरा रु. ८४० (मू.अ.कर बाहेक) र पि.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.७०० ( मू.अ.कर बाहेक) रहेको छ। जसबाट एकातर्फ तोकिएको गुणस्तर बमोजिमको कार्य भएको नहुन सक्छ भने आर्कोतर्फ प्रति बोरा रु.१५८ (मू.अ.कर समेत) का दरले बढी भुक्तानी भएको छ। तोकिएको गुणस्तरमा कार्य नभएको अवस्थामा यसले निर्माण कार्यको दिगोपनामा असर गर्ने देखिन्छ। नमुना छनौट गरिएका तपसिल बमोजिमको योजनामा तोकिए भन्दा फरक गुणस्तरको निर्माण सामाग्रीको प्रयोग भएको अवस्थामा समेत लागत अनुमान कै दरमा भुक्तानी भएकोले बढी
</td><td>७९,७९०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु. | |

| गोश्वरा भौचर | उपभोक्ता समिति | आपुर्तक | वोरा संख्या | बढी भुक्तानी |
|---|---|---|---|---|
| ४०-०७८।९।६ | चाकु मार्मीङ्क गोल्छी मोटरबाटो स्तरोन्नती उ.स | एस.के इन्टरप्राइजेज | ८० | १२६४० |
| ४२-०७८।९।६ | त्याङ्गथली गुम्बा आँगन मर्मत उपभोक्ता समिति | मनोज हार्डवेयर सेन्टर | ५० | ७९०० |
| १००-०७८।११।२ | च्यानडाँडा तोचेपा नजुम गोरेटो बाटो मर्मत उ.स | एस.के इन्टरप्राइजेज | ४० | ६३२० |
| १०९-११।९ | ग्लोरीयस एग्रो प्रा.ली | मनोज हार्डवेयर सेन्टर | ५० | ७९०० |
| १२७-।११।११ | मणी थुङ्गुर गोरेटो बाटी | एस.के इन्टरप्राइजेज | २० | ३१६० |
| १३३-११।११ | आर्यघाट निर्माण च्यानडाँणा | एस.के इन्टरप्राइजेज | २० | ३१६० |
| १७७-११।१३ | टुम्बुक तोचेपा गोरेटो बाटो नि.उ.स | एस.के इन्टरप्राइजेज | ६० | ९४८० |
| २०९-१२।१ | साङ्गछ्योलिङ्ग गुम्बा मर्मत उ.स | माँ उग्रचण्डी हार्डवेयर | ८० | १२६४० |
| २६९-१२।२९ | सोलाङ्गकट्टी गोरेटोबाटो स्तरोन्नती उ.स | एस.के इन्टरप्राइजेज | ३५ | ५५३० |
| ४०६-३/१२ | महिला सामुदायीक भबन पुजारी गाँउ उ.स | सिताहार्डवेयर एण्ड सप्लायर्स | ३० | ४७४० |
| ४१७-३/१७ | स्वास्थ्य इकाइ भबन निर्माण सामुदायिक उ.स | रोनक हार्डवेयर सेन्टर | ४० | ६३२० |
| जम्मा | | | ५०५ | ७९,७९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (११) र ९७ (६) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्ना भएपछि सम्बन्धित प्राविधिकबाट जाँचपास गराउने र हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, बिलभरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं।मिति ४८५।०७९।३।२५ मा भैरबकुण्ड सडक स्तरोन्नमति योजनामा रु.२२२५९९२ को लागत अनुमान तयार गरी भैरबकुण्ड सडक स्तरोन्न ति उ.स.संग सम्झौता गरेको देखियो । पालिकाले रु.२१४२५०६ को कार्यसम्पन्नो पेश गरेकोमा कार्यसम्पन्न तथा नापीकिताबमा कडा ढुंगा खन्् कार्य ४९०.६६ घ.मि. भएको देखियो । साथै कार्यसम्पन्ना तथा नापीकिताबमा ड्राई स्टोन सोलिङ कार्य ६५.३३ घ.मि. भएकोमा सोलिङ कार्यमा प्रति घ.मि. ज्याला रु.१६६५ र ढुंगा खरिदमा रु.६३५.०४ गरी रु.२३६३.५४ का दरले भुक्तानी भएको देखियो । साथै ग्याबिन बक्समा ढुंगा भर्नेकार्यमा. प्रति घ.मि. ज्याला रु८६५.५ र ढुंगा खरिदमा रु.६३५.०४ गरी रु.१५६४.०४ का दरले २३८ घ.मि.को भुक्तानी भएको देखियो । कार्यसम्पन्नि तथा नापीकिताब मा कडा ढुंगा खन्ने कार्य भएकोमा सोलिङ तथा ग्याबिन भर्ने कार्यमा ३३३ घ.मि. ढुंगा खरिदमा रु.६३५।०४ का दरले रु.२११४६८ भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु. | २११,४६८ |
| ५९ | | | **ढुङ्गा गिट्टी आम्दानी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) बमोजिम नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | परिमाणमा स्लेट, ढुँगा, गिट्टी एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्ने व्यवस्था छ । साथै प्रदेश आर्थिक ऐन २०७७ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्र रहेका खोला, खोल्सी तथा जमिनबाट संकलन गर्न ढुँगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको परिमाणको यकिन गरी अनुसुची ९ अनुसारको दरमा बिक्री गर्न सक्ने व्यवस्था गरेको छ। साथै निजी जगगामा प्राप्त हुने ढुङ्गा तथा माटो अन्य व्यक्तिलाई बिक्री गर्दा समेत पालिकाको स्वीकृती लिई तोकिएबमोजिमको दरमा शुल्क तिर्नुपर्ने व्यवस्था गरेको छ । पालिकामा उपभोक्ता समिति तथा लाभग्राही समुदायहरुद्धारा संचालित विभिन् योजनाहरुमा उपभोक्ता समितिहरुले विभिन्ना व्यक्तिहरुसंग ढुंगा, गिट्टी तथा बालुवा खरिद गरेकोमा पालिकाको स्वीकृति लिइ तोकिएबमोजिमको दरमा शुल्क तिरेको देखिएन । नमूना छनोटका आधारमा लेखापरीक्षण गरिएकोमा विभिन्नम उपभोक्ता समितिबाट संचालित योजनाहरुमा पालिकालाई सामाग्री रोयल्टीबापतको देहायअनुसारको रकम रु. ३७०१८४ आम्दानी भएको देखिएन । अतः पालिकाले आफ्नो क्षेत्रभित्रका ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाइ आम्दानी बढाउने तथा उपलब्ध सामाग्रीहरुको अव्यवस्थित उत्खनन , संकलन तथा उपयोग स्थितीलाई व्यवस्थित बनाउने तर्फ ध्यान दिनुपर्छ । | |

| गो.भौ.नं।मिति | योजना/उ.स. | निर्माण सामाग्री | परिमाण घ.मि. | दर रु | रकम |
|---|---|---|---|---|---|
| १६१।०७९।३।२५ | सुमित्रा स्वास्थ्य चौकी भवन नि.उ.स. | ढुंगा | १११ | ३१७.५२ | ३५२४५ |
| | | बालुवा | ३३ | ३१७.५२ | १०४७८ |
| १४।०७९।३।१७ | गुफा अन्थली ज्यामन्दोङ मोटरबाटो नि.उ.स. | ढुंगा | १०० | ३१७.५२ | ३१७५२ |
| २६।०७९।३।५ | थाइछिग/थाइसिङ छोलिङ गुम्बा नि. | ढुंगा | १०० | ३१७.५२ | ३१७५२ |
| ४१९।०७९।३।८ | बाहुनबारी नाली निर्माण उ.स. | ढुंगा | ४० घ.मि. | ३१७.५२ | १२७०० |
| | | बालुवा | १४ घ.मि. | ३१७.५२ | ४४४५ |
| | | गिटी | १२ घ.मि. | ३१७.५२ | ३८११ |
| ४३८।०७९।३।१७ | गुरु रिम्पोछे नि.उ.स. वडा नं ४ | ढुंगा | १५० घ.मि. | ३१७.५२ | ४७२६८ |
| | | बालुवा | १०० घ.मि. | ३१७.५२ | ३१७५२ |
| | | गिटी | १००घ.मि. | ३१७.५२ | ३१७५२ |
| २७।०७९।३।५ | लिस्तीकोट स्वास्थ्य चौकी प्रसुती प्रतिक्षालय भवन नि.उ.स. | ढुंगा | ८९ घ.मि. | ३१७.५२ | २८२५९ |
| ३।०७९।१।१६ | पन्थली सामुदायिक भवन र टाशी च्योलिङ गुम्बा निर्माण उ.स. | बालुवा | १८ घ.मि. | ३१७.५२ | ५७१५ |
| | | गिटी | १६ घ.मि. | ३१७.५२ | ५०८० |
| | | ढुंगा | १४ घ.मि. | ३१७.५२ | ४४४५ |
| ३९९।०७९।२।२७ | गुरु रिम्पुछे मुर्ती निर्माण वडा नं. ३ यार्मासिङ | बालुवा | ५० घ.मि. | ३१७.५२ | १५८७६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>ढुंगा</td><td>२२० घ.मि.</td><td>३१७.५२</td><td>६९८५४</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>३७०१८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>कार्यसम्पन्न भन्दा बढी भुक्तानी<br>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। ११।२० को निर्णयबाट रु.३५५७६० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>कार्यसम्पन्न भन्दा घटी बिल भरपाई<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (११) र ९७ (६) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्नन भएपछि सम्बन्धित प्राविधिकबाट जाँचपास गराउने र हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, बिलभरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका योजनाहरुमा कार्यसम्पन्नप प्रतिवेदन मूल्याङ्कन गरेको रकम भन्दा उपभोक्ता समितिले निर्माण सामाग्री कम खरिद गरेको बिलभरपाई पेश गरेको देखियो । जसले गर्दा तोकिएको गुणस्तरमा कार्य भएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था देखिएन । कार्यसम्पन्न प्रतिवदेन मूल्याङ्कन भन्दा कम बिल पेश भई बढी भुक्तानी भएको रकम रु.४,९०,०००।असुल हुनुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं।मिति</th><th>योजना/उ.स.</th><th>कामको विवरण</th><th>भुक्तानी दर रु</th><th>कार्यपरिमाण</th><th>निर्माण सामाग्री</th><th>प्रयोग भएको परिमाण</th><th>बिल भरपाइ पेश</th><th>भुक्तानी दर</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td rowspan="5">३८०।०७९।२।१८</td><td rowspan="5">अन्थली ज्याम्बलदोङ सडक नि.उ.स.</td><td>पहिरो पन्छाउने</td><td>५२.८४</td><td>६७० घ.मि.</td><td>स्काभेटर</td><td>६७०*०.०१६३*७३.४२%= ७ घण्टा</td><td rowspan="5">२५० घण्टा</td><td rowspan="5">३५००</td><td rowspan="5">१५४०००</td></tr>
<tr><td>नरम माटो खन्ने</td><td>७१.९८</td><td>४६९३ घ.मि.</td><td>स्काभेटर</td><td>४६९३*०.०१६३= ७७ घण्टा</td></tr>
<tr><td>कडा माटो खन्ने</td><td>८८.३२</td><td>३३५२ घ.मि.</td><td>स्काभेटर</td><td>३३५२*०.०२= ६७ घण्टा</td></tr>
<tr><td>नरम ढुंगा खन्ने</td><td>१२२.३२</td><td>३३५२ घ.मि.</td><td>स्काभेटर</td><td>३३५२*०.०२७७= ७३ घण्टा</td></tr>
<tr><td>कडा ढुंगा खन्ने</td><td>१६३.३९</td><td>१३४१ घ.मि.</td><td>स्काभेटर</td><td>१३४१*०.०३७= ४९ घण्टा</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा (क)</td><td>२९४ घण्टा</td><td>२५० घण्टा</td><td>३५००</td><td>१५४०००</td></tr>
</table>
</td><td>४९०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४८५।०७९।३।२५ | भैरबकुण्ड सडक स्तरोन्नति | पहिरो पन्छाउने | ५२.८४ | ११५६१.५ घ.मि. | स्काभेटर | ११५६१.५*०.०१६३*७३.४२%= १३८ घण्टा | १९२ घण्टा | ३५०० | ९१००० |
| | | नरम माटो खन्ने | ७१.९८ | ११५९.६ घ.मि. | स्काभेटर | ११५९.६*०.०१६३= १९ घण्टा | | | |
| | | कडा माटो खन्ने | ८८.३२ | ४९६.९ घ.मि. | स्काभेटर | ४९६.९*०.०२= १० घण्टा | | | |
| | | नरम ढुंगा खन्ने | १२२.३२ | ११७१.८ घ.मि. | स्काभेटर | ११७१.८*०.०२७७= ३३ घण्टा | | | |
| | | कडा ढुंगा खन्ने | १६३.३९ | ४९०.६ घ.मि. | स्काभेटर | ४९०.६*०.०३७= १८ घण्टा | | | |
| | | | | | जम्मा (ख) | २१८ घण्टा | १९२ घण्टा | ३५०० | ९१००० |
| ६।०७९।२।१५ | नया पूल काउले बाटो एवं दोर्जेलिङ गुम्बा | पहिरो पन्छाउने | ५२.८४ | ७३७१.६घ.मि. | स्काभेटर | ७३७१.६*०.०१६३*७३.४२%= ८७ घण्टा | १५३ घण्टा | ३५०० | २०३००० |
| | | नरम माटो खन्ने | ७१.९८ | ५६९.१३ घ.मि. | स्काभेटर | ५६९.१३*०.०१६३= ९ घण्टा | | | |
| | | कडा माटो खन्ने | ८८.३२ | २२७६.५ घ.मि. | स्काभेटर | २२७६.५*०.०२= ४६ घण्टा | | | |
| | | नरम ढुंगा खन्ने | १२२.३२ | १३०५.१९ घ.मि. | स्काभेटर | १३०५.१९*०.०२७७= ३६ घण्टा | | | |
| | | कडा ढुंगा खन्ने | १६३.३९ | ८७०.१३ घ.मि. | स्काभेटर | ८७०.१३*०.०३७= ३२ घण्टा | | | |
| | | | | | जम्मा (ग) | २११ घण्टा | १५३ घण्टा | ३५०० | २०३००० |
| १४।०७९।३।१७ | गुफा अन्थली ज्यामन्दोङ | नरम माटो खन्ने | ७१.९८ | २५३७.२७ घ.मि. | स्काभेटर | २५३७.२७*०.०१६३= ४१ घण्टा | ११० घण्टा | ३५०० | ४२००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तालिका तल) | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मोटरबाटो नि.उ.स. | कडा माटो खन्ने | ८८.३२ | १४०९.५ घ.मि. | स्काभेटर | १४०९.५*०.०२= २८ घण्टा | | | |
| | | नरम ढुंगा खन्ने | १२२.३२ | ११२७.६७ घ.मि. | स्काभेटर | ११२७.६७*०.०२७७= ३१ घण्टा | | | |
| | | कडा ढुंगा खन्ने | १६३.३९ | ५६३.८४ घ.मि. | स्काभेटर | ५६३.८४*०.०३७= २१ घण्टा | | | |
| | | | | | जम्मा (घ) | १२२ घण्टा | ११० घण्टा | ३५०० | ४२००० |
| | | | | | | कुल जम्मा (क+ख+ग+घ) | | | ४९०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **अग्रिम कर कट्टी नगरेको** <br> ***........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।२० को निर्णयबाट रु. ४८९१७।- सम्परीक्षण गरिएको ।)*** | ० |
| ६३ | | | **नर्म्स भन्दा बढी भुक्तानी** <br> सडक बिभाग बाट पारीत भएको नर्म्स अनुसार सडकमा प्रयोग हुने मेशिन (डोजरका)लागी प्रती घण्टा ९.१२र१४.४० लीटर डिजेल आबश्यक हुने गरी नर्म्स पारीत भएको छ। कार्यालयले पारीत नर्म्स भन्दा बढी मात्रामा डीजेल खर्चमाग हुंदा पनि निम्न अनुसारका उपभोक्ता समुहलाइ नर्म्समा उल्लेख भए भन्दा बढी भुक्तानी भएकोले दाखिला गर्नुपर्ने देखिएको रु. | ३६९,४३१ |

| भौ.नं मिति | उपभोक्ता समुह/भुक्तानी गर्ने निकाय | मेशिन घण्टा | डिजेल खर्च भुक्तानी ली | नर्म्समा खर्च गर्न मिल्ने ली | नर्म्स भन्दा बढी खर्च ली | बढी डिजेल खर्च मुल्य |
|---|---|---|---|---|---|---|
| ४०--९।६ | चाकु मार्मीङ्क गोल्छी मोटरबाटो स्तरोन्नती उ.स | ६५ | ११०० | ९३६ | १६४ | १९,६८० |
| ४४-८।१७ | चाकु नारायणस्थान लाङ् खोला खोल्सी सढक | ७६ | २१०० | १०९५ | १००५ | १,२०,६०० |
| १२५-११।१० | चाकु हङ्गले चन्दर्कु ज्यामदिङ्ग. | ३० | ६०० | ४३२ | १६८ | १९,२३६ |
| १३८-११।११ | दुगुनाटोल खेल मैदान निर्माण उ.स | ४० | ७३० | ५७६ | १५४ | १८,४८० |
| २२६-१२।८ | गोल्ची अर्केचर नम्रचोड भुमेस्थान उ.स | १४५ | २३२० | २०८८ | २३२ | ३०,१५५ |
| ४८३-३।२४ | गोल्ची मोटरबाटो नयाँ ट्रयाक निर्माण उ.स | २०० | ४००० | २८८० | ११२० | १,६१,२८० |
| जम्मा | | | | | | ३,६९,४३१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
